**बेपत्ता पारिएका ब्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोगको अध्यक्ष तथा सदस्यको नाम सिफारिस समिति, सिंहदरबार, काठमाण्डौ ।**

# संभाव्य उम्मेदवारको नाम सूचीकृत गर्न फाराम पेश गर्ने सूचना

**प्रकाशित मितिः २०७५।१२।२५**

बेपत्ता पारिएका ब्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा ३ को उपदफा (१) बमोजिम उच्चस्तरीय बेपत्ता पारिएका ब्यक्तिको छानबिन आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोगका अध्यक्ष र सदस्यहरुको नियुक्तिका लागि नाम सिफारिस गर्न नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७५।१२।११ को निर्णयानुसार गठित ऐनको दफा ३ को उपदफा (३) बमोजिमको सिफारिस समितिले उल्लिखित आयोगको अध्यक्ष तथा सदस्यको नियुक्तिको लागि नाम सिफारिस गर्ने प्रयोजनको लागि *"बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोगको अध्यक्ष तथा सदस्यको नाम सिफारिस सम्बन्धी छनौट प्रक्रिया, २०७५"* कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, बेपत्ता पारिएका ब्यक्तिको छानबिन आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोगको सूचनापाटी तथा वेवसाईट मार्फत प्रकाशन गरी सार्वजनिक गरी सकिएकोछ ।

तसर्थ, बेपत्ता पारिएका ब्यक्तिको छानबिन आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोगको अध्यक्ष वा सदस्यको पदमा नियुक्तिका लागि ईच्छुक उल्लिखित ऐनको दफा ४ बमोजिमको योग्यता पुगेको र दफा ५ बमोजिम अयोग्य नभएको ब्यक्तिले सिफारिस समितिबाट निर्धारित छनौट प्रक्रियाको अनुसूची बमोजिमको ढाँचामा फाराम भरी यो सूचना प्रकाशन भएको मितिले सात दिनभित्र देहायको ठेगानामा पेश गर्नुहुन जानकारी गराईन्छ ।

**ठेगानाः**

- सिफारिस समितिको सचिवालय, सिंहदरबार, काठमाण्डौ (कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको भवन)
- फाराम तथा सम्वद्ध कागजात email : infolaw@moljpa.gov.np मार्फत समेत पेश गर्न सकिनेछ ।

***नोटः*** बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोगको अध्यक्ष तथा सदस्यको नाम सिफारिस सम्बन्धी छनौट प्रक्रिया, २०७५ र सो को अनुसूची बमोजिमको ढाँचाको फाराम www.moljpa.gov.np बाट डाउनलोड गर्न सकिनेछ ।

***सम्पर्क नं.*** ०१४२११११८२